# राम राजा (मो.वि.शाह) बहुमुखि क्याम्पस

## शैक्षिक तथा प्रशासनिक नियमावली - २०६५

राम राजा (मो.वि.शाह) बहुमुखि क्याम्पस
कलैया, बारा
२०६५ साल

# राम राजा (मो.बि.शाह) बहुमुखी क्याम्पस

## शैक्षिक तथा प्रशासनिक नियमावली, २०६५

राम राजा (मो.बि.शाह) बहुमुखी क्याम्पसको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधान, २०६५ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी शैक्षिक तथा प्रशासनिक व्यवस्थालाई समयानुकुल बनाई पारदर्शी ढंगबाट क्याम्पस सञ्चालन गर्ने उद्देश्यले देहाय बमोजिमको शैक्षिक तथा प्रशासनिक नियमावली तर्जुमा गरिएको छ ।

## परिच्छेद : १

## (प्रारम्भ)

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस नियमावलीको नाम राम राजा (मो.बि.शाह) बहुमुखी क्याम्पस शैक्षिक तथा प्रशासनिक नियमावली, २०६५ रहेको छ ।

(ख) यो नियामवली राम राजा (मो.बि.शाह) बहुमुखी क्याम्पस, कलैयामा क्याम्पस सञ्चालक समितिले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

(ग) यो नियमावली क्याम्पस सञ्चालनक समितिले लागू गरेको मितिबाट छ महिनाभित्र क्याम्पसको विधान अनुसार गठन हुने क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

**२. परिभाष :-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा :

(क) "क्याम्पस" भन्नाले राम राजा (मो.बि.शाह) बहुमुखी क्याम्पस, कलैयालाई जनाउँछ ।

(ख) "क्याम्पस सभा" भन्नाले विधान बमोजिम गठित क्याम्पसको सभालाई जनाउँछ ।

(ग) "क्याम्पस सञ्चालक समिति" भन्नाले क्याम्पस सभाबाट गठित मूल कार्य समितिलाई जनाउँदछ ।

(घ) "अध्यक्ष" भन्नाले क्याम्पस संचालक समितिको अध्यक्षलाई जनाउँछ ।

(ङ) "पदाधिकारी" भन्नाले क्याम्पस संचालक समितिका अध्यक्ष सहित अन्य पदाधिकारी एवं सदस्यहरुलाई जनाउँछ ।

(च) "क्याम्पस प्रमुख" भन्नाले विधान बमोजिम क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनिक कार्य संचालनको लागि क्याम्पस संचालन समितिबाट क्याम्पस प्रमुखमा नियुक्त भएको व्यक्तिलाई जनाउँछ ।

(छ) "सहायक क्याम्पस प्रमुख" भन्नाले क्याम्पस प्रमुखको अधिनमा रही क्याम्पसको शैक्षिक र प्रशासनिक कार्य गर्न नियुक्ति पाएको व्यक्तिलाई जनाउँछ ।

(ज) कोर्ष कन्ट्रायाक्ट भन्नाले त्यस्तो आर्थिक शिक्षकलाई जनाउँछ जसको कक्षाको भुक्तानी प्रति प्रियड मांसिक रुपमा साल भरि पाउनेछ ।

(झ) "प्राध्यापक/शिक्षक" भन्नाले प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, शिक्षण सहायक प्रशिक्षक, उप-प्रशिक्षक तथा अध्यापनका लागि नियुक्ति पाएका स्थायी, अस्थायी, करार, आंशिक दरवन्दी, आंशिक शिक्षक वा कोर्स कन्ट्याक्ट समेतका सबै व्यक्तिलाई जनाउँछ ।

(ञ) "कर्मचारी" भन्नाले क्याम्पसको प्रशासन, लेखा, पुस्तकालय लगायत अन्य कामका निमित्त क्याम्पसबाट स्थायी, अस्थायी करार वा दैनिक ज्यालादारीमा काम गर्न नियुक्त गरिएको व्यक्तिलाई जनाउँछ ।

(ट) "विधार्थी" भन्नाले क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई जनाउँछ ।

(ठ) "प्रचलित ऐन नियम" भन्नाले त्रि.वि., उच्च माध्यमिक शिक्षा परिषद् लगायतका अन्य निकाय वा नेपाल सरकारले सो प्रयोजनको लागि बनाएको ऐन नियमलाई जनाउँछ ।

**३. कार्यालय तथा क्याम्पस सीमा क्षेत्रमा अवाञ्छनीय गतिविधि गर्न नपाइने :-**
कार्यालय तथा क्याम्पस सीमा क्षेत्रको निर्धारण क्याम्पस सञ्चालक समितिले तोके बमोजिम हुनेछ । संचालक समितिले तोकेको कार्यालय वा सिमाक्षेत्र भित्र देहायमा लेखिएका कुरा गर्न गराउन पूर्णरुपमा वन्देज गरिनेछ । यदि कसैले गरे गराएमा कसुरको मात्रा र प्रकृति हेरी दण्ड जरिवाना वा कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ ।

(क) क्याम्पस संचालक समिति वा क्याम्पस प्रमुखको इजाजत वेगर कुनै पनि किसिमको सभा सम्मेलन वा नाराजुलुस गर्न ।
(ख) कुनैपनि किसिमको मादक पदार्थ, लागु पदार्थ आदि सेवन गर्न वा वाहिर सेवन गरी तोकेको क्षेत्रमा प्रवेश वा आवत जावत गर्न ।
(ग) कसैलाई हातपात, गाली वेइज्जत गर्न वा अश्लील शब्द प्रयोग गरी लेख्न वा वोल्न ।
(घ) कुनै हात हतियार वा अवाञ्छनीय माल बस्तु लिई प्रवेश गर्न ।
(ङ) हुलहुज्जत, जवर्जस्ती, दबाब, तोडफोड, कुटपिट, घेराउ तथा अभद्र व्यवहार गर्न ।
(च) क्याम्पसका भित्ता, कक्षाकोठा वा ब्ल्याक वोर्ड आदिमा जथाभावी लेख्न र कोर्न ।
(छ) क्याम्पस संचालन समितिले तोकेको पहिरन तथा भेषभूषा भन्दा फारक भेषभूषा तथा पहिरनमा क्याम्पस प्रवेश गर्न ।
(ज) क्याम्पस क्षेत्र भित्र रहेका सम्पतिहरु हानीनोक्सानी गर्न वा फोहोर मैला थुपार्न ।
(झ) अध्ययन अध्यापनमा बाधा पर्नेगरी कुनैपनि किसिमको कार्य गर्न ।
(ञ) क्याम्पसले निषेधित भनी तोकेको कुनै पनि काम कारवाहीहरु गर्न ।

# परिच्छेद : २

## प्राध्यापक/शिक्षक तथा कर्मचारी नियुक्ति र सेवा सुबिधा सम्बन्धी व्यवस्था

**४. प्राध्यापक/शिक्षकको पद बर्गीकरण :-** क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षकहरुको पद बर्गीकरण देहाय बमोजिम हुनेछ :

१. प्राध्यापक
२. सह-प्राध्यापक
३. उप-प्राध्यापक
४. शिक्षण सहायक
५. प्रशिक्षक
६. उप-प्रशिक्षक
७. आंशिक दरबन्दी
८. आंशिक शिक्षक/कोर्स कन्ट्र्याक्ट

**५. कर्मचारीहरुको पद बर्गीकरण :-** क्याम्पसमा कार्यरत कर्मचारीहरुको पद बर्गीकरण देहाय बमोजिम हुनेछ :

१. सह-प्रशासक वा सो सरह
२. उप-प्रशासक वा सो सरह
३. सहायक प्रशासक वा सो सरह
४. हेड असिस्टेन्ट वा सो सरह
५. असिस्टेन्ट वा सो सरह
६. पियन वा सो सरह

६. **दरबन्दी :-** क्याम्पसलाई आवश्यक पर्ने प्राध्यापक/शिक्षक तथा कर्मचारीको दरबन्दी क्याम्पस सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **योग्यता :-** यस क्याम्पसमा नियुक्त हुन प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता त्रि.वि., उच्च माध्यमिक शिक्षा परिषद् वा नेपाल सरकारको सम्बन्धित निकायले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **नियुक्ति :-** क्याम्पसलाई आवश्यक पर्ने प्राध्यापक/शिक्षक तथा कर्मचारीको नियुक्ति देहाय वमोजिम गरिनेछ ।

क. स्थायी नियुक्ति :- क्याम्पसमा रिक्त हुन आएको कुनैपनि स्थायी पदमा पदपूर्तिका लागि क्याम्पस सेवा समितिद्वारा पद संख्या, योग्यता र बिषय खुलाई घटीमा १५ दिनको म्याद दिई सार्वजनिक सूचनाको माध्यमबाट विज्ञापन गरिनेछ । तोकेको म्याद भित्र योग्यता पुगेका नेपाली नागरिकहरुबाट पेश हुन आएका उम्मेदवारहरुलाई लिखित/मौखिक परीक्षा र प्राध्यापक/शिक्षकको हकमा कक्षा अवलोकनबाट समेत छनौट गरी सो छनौटमा उत्तीर्ण व्यक्तिलाई क्याम्पस सेवा समितिको सिफारिसमा कम्तिमा एक बर्ष सम्म परीक्षण कालमा रहने गरी क्याम्पस संचालक समितिले स्थायी नियुक्ति दिन सक्नेछ । तर क्याम्पसमा कार्यरत ४ बर्ष सेवा अवधि पूरा गरिसकेको अस्थायी प्राध्यापक/शिक्षकलाई स्थायी नियुक्ति गर्दा उल्लिखित प्रक्रिया पूरा गुर्नपर्नेछैन । अन्य सरकारी वा नेपालको सरकारको स्वामित्व भएको संघ संस्था वा निकाय वा अन्य कुनै पनि संघ संस्थामा स्थायी नियुक्ति पाई काम गरिरहेका व्यक्तिलाई स्थायी नियुक्तिको लागि छनौट गरिने छैन ।

ख. अस्थायी नियुक्ति :- कार्यकारी समितिले सम्बन्धि पदमा न्युनतम योग्यता पुगेका व्यक्तिलाई खण्ड (क) बकोजिमको प्रक्रियाबाट बढीमा एक बर्षसम्मको लागि अस्थायी नियुक्ति दिई कामकाजमा लगाउन सक्नेछ , र सो म्याद समाप्त भएपछि पनि आवश्यक ठानेमा पुनः म्याद थप गर्न सक्ने छ । तर यो नियमावली लागू हुनपूर्व क्याम्पसमा पूर्णकालीन करार वा आंशिक दरबन्दीमा कार्यरत प्राध्यापक/शिक्षकहरु तथा करार पदमा कार्यरत कर्मचारीको हकमा उल्लिखित प्रक्रिया पूरा नगरी अस्थायी नियुक्ति दिन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

ग. करार नियुक्ति :- क्याम्पसको लागि आवश्यक पदमा कुनै कारणवश स्थायी वा अस्थायी पदपूर्ति हुन नसकेको खण्डमा स्थायी पदपूर्ति नहुन्जेलसम्म योग्यता पुगेका इच्छुक व्यक्तिलाई यसै नियमावलीमा उल्लिखित बर्गीकृत कुनै पनि पदहरुमा कार्यकारी समितिले करारमा नियुक्ति दिई कामकाजमा लगाउन र आवश्यकता अनुसार म्याद थप गर्न समेत सक्नेछ ।

घ. आंशिक शिक्षक (पिरियड बेसिस), ज्यालादारी कर्मचारीको नियुक्ति :- क्याम्पसलाई अति आवश्यक भई तत्काल काम चलाउन दैनिक वा मासिक ज्यादालारी शिक्षक, कर्मचारी एवं कामदारको हकमा क्याम्पस प्रमुखले नियुक्ति गरी कामकाजमा लगाउन सक्नेछन तर ६ महिनाभन्दा बढी अवधिको लागि नियुक्त गर्नु परेमा कार्यकारी समितिबाट निर्णय गराई गर्नु पर्नेछ ।

९. **सेवाका शर्तहरु :-**

क. क्याम्पसमा कार्यरत स्थायी तथा अस्थायी नियुक्ति प्राप्त प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई आर्थिक नियमावली बमोजिम तलब स्केल प्रदान गरिनेछ ।

ख. यो नियमावली लागू हुनुभन्दा पूर्व विभिन्न शर्तमा कार्यरत कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई यसै नियमावली बमोजिम स्विकृत दरबन्दीमा समायोजन गरिनेछ ।

ग. स्थायी प्राध्यपक/शिक्षक तथा कर्मचारी एक बर्षको परीक्षण काल समाप्त हुनु अगावै निजको काम र आचारणको बारेमा क्याम्पस प्रमुखले क्याम्पस संचालक समितिलाई ठोस राय सुझाव दिनुपर्नेछ । क्याम्पस प्रमुखबाट आएको राय सुझाव दृष्टिगत क्याम्पस सञ्चालक समितिले परिक्षणकालको समाप्ती वा अवकास मध्ये कुनैपनि निर्णय गर्न सक्नेछ । परीक्षणकाल समाप्त भएको हकमा सेवा अवधिको गणना शूरु स्थायी नियुक्ति मितिदेखि नै गरिनेछ ।

घ. त्रि.वि.को नियमानुसार उमेरको हद पूरा भएमा, बहुलाएको प्रमाणित भएमा, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित भएमा, भ्रष्टाचार गरेको ठहर भएमा, बारम्बार आफ्नो कर्तव्य प्रति लापरवाही गरेमा तथा आचार संहित विपरित काम गरेर ठहर भएमा वा आफ्नो पदबाट दिएको राजीनामा पेश गरेको अवस्थामा बाहेक कार्यरत स्थायी प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई क्याम्पस सञ्चालक समितिले अवकाश दिन सक्ने छैन तर क्याम्पसमा रहेको संकाय, संस्थान र तह एवं बिषय हटाउनु पर्ने कारणले क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीको आवश्यकता नभई प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई अवकाश दिनु पर्ने क्याम्पस सञ्चालक समितिले ठहर गरेमा प्राध्यापक/शिक्षक तथा कर्मचारीको वर्गीकरणको कनिष्ठताको आधारमा सम्बन्धित बिषय एवं संकायका प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई अवकाश दिइने छ । जेष्ठता एवं कनिष्ठताको क्रम नियुक्ति मितिले हुनेछ । यसरी संकाय, तह वा बिषय हटेका कारण अनिवार्य रुपमा बाहिरिनुपर्ने प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुको हकमा निजले पाउने नियमानुसारको सुविधाको अतिरिक्त क्याम्पस सञ्चालक समितिले निर्णय गरे बमोजिम थप सुविधा समेत दिन दिईनेछ ।

१०. **प्राध्यापक/शिक्षक तथा कर्मचारीको सुविधा सम्बन्धी व्यवस्था :-**
क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीको तबल, भत्ता, ग्रेड सञ्चयकोष, उपदान, दशैं खर्च लगायतका अन्य सुविधाहरु क्याम्पसको आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

११. **सेवा अवधि जोडिने :-** क्याम्पसमा अबिच्छिन्न रुपमा अस्थायी, करार र आंशिक दरबन्दीमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुले क्याम्पसको नियम अनुसार स्थायी नियुक्ति पाएमा निजको स्थायी सेवा पूर्वको सेवा अवधि त्रि.बि. नियमानुसार जोडिनेछ ।

# परिच्छेद : ३

## विदा सम्बन्धी व्यवस्था

१२. क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीले देहाय बमोजिम विदा सुविधा पाउने छन् ।

१. घर विदा :-

क. क्याम्पासमा कार्यरत करार, अस्थायी र स्थायी कर्मचारीले प्रत्येक बर्ष ३० दिनका दरले तलबी घर विदा पाउनेछन् ।

ख. घर विदा बढीमा १२० दिनसम्म सञ्चित गर्न सकिनेछ । सञ्चित बिदाको रकम सेवा निवृत्त हुँदा आखिरी तलवमानको आधारमा हिसाब गरी एकमुष्ट भुक्तानी गरिनेछ ।

२. बिरामी विदा :-

क. क्याम्पासमा कार्यरत स्थायी, अस्थायी, पूर्णकालीन करार तथा आंशिक दरबन्दीका प्राध्यापक/शिक्षक तथा करार, अस्थायी र स्थायी कर्मचारीले प्रत्येक बर्ष १५ दिनका दरले तलवी बिरामी विदा पाउनेछन ।

ख. बिरामी विदा बढिमा १५० दिन सम्म सञ्चित गर्न सकिन्छ । सञ्चित रहेको बिरामी बिदाको रकम सेवा निवृत्त हुँदा आखिरी तलबमानको आधारमा हिसाब गरी एकमुष्ट भुक्तानी गरिनेछ ।

३. प्रसुति विदा :-

क्याम्पासमा कार्यरत स्थायी, अस्थायी, पूर्णकालीन करार तथा आंशिक दरबन्दीका महिला प्राध्यापक/शिक्षक तथा कर्मचारीले प्रसुति हुनु अघि र पछि गरी जम्मा ६० दिनका दरले तलवी प्रसुति विदा पाउनेछन् । त्यस्तो विदा सुविधा दास्रो सन्तानसम्मका लागि मात्र उपलब्ध गराइने छ । पुरुष प्राध्यपक/शिक्षक तथा कर्मचारीको आफ्नी पत्नी प्रसुति हुँदा दुई सन्तानसम्मको लागि प्रति पटक बढीमा ७ दिन तलवी प्रसुति स्याहार (सेवा) बिदा दिइनेछ ।

४. किरिया विदा :-

क्याम्पासमा कार्यरत स्थायी, अस्थायी, पूर्णकालीन करार तथा आंशिक दरबन्दीका प्राध्यापक/शिक्षक तथा कर्मचारीले आफ्नो बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरीको मृत्यु भएमा वा निजको कुनै आफन्तको मृत्यु भै कूलधर्म अनुसार स्वयं किरिया बस्नु परेमा बढीमा १५ दिनको दरले तलबी किरिया विदा पाउनेछन् ।

५. अध्ययन विदा :-

आफ्नो बृति विकासका लागि ५ बर्ष सेवा अवधि पुगेका स्थायी प्राध्यापक/शिक्षक तथा कर्मचारीले त्रिभुवन विश्वविद्यालय वा नेपाल सरकारको अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरी वा आफ्नो खर्चबाट अध्ययन गर्न चाहेमा सेवा अवधिभरिमा बढीमा ५ बर्ष वेतलवी अध्ययन विदा पाउनेछन् । अध्ययन बिदामा बसेका प्राध्यापक/शिक्षक तथा कर्मचारीले बिदा भुक्तान भएपछि क्याम्पसमाकम्तिमा ५ बर्ष सम्म सेवा गर्ने शर्तमा मात्र बिदा स्वीकृत हुनेछ ।

६. काज विदा :-

त्रिभुवन विश्वविद्यालय वा अन्य निकायबाट आयोजना गरिएका आत्मोन्नति वा पुनर्ताजगीकरण कार्यक्रममा क्याम्पस क्याम्पस संचालक समितिले बजेटको अधिनमा रही प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई निश्चित समय तोकी आमोत्न्नतिको काज विदामा पठाउन सक्नेछ ।

७. असाधारण विदा :-

५ बर्ष सेवा अवधी पूरा गरेका स्थायी प्राध्यापक/शिक्षक तथा कर्मचारीले सेवा अवधिभरीमा एक पटकमा १ बर्षमा नबढाई बढीमा ३ बर्षको बेतलवी असाधारण विदा पाउनेछन् । यस्तो विदामा बसेको प्राध्यपक/शिक्षक तथा कर्मचारीले विदा लगायतका अन्य कुनै सुविधा पाउनेछैनन् । असाधारण बिदामा बसेको अवधिलाई सेवा अवधिमा गणना गरिनेछैन ।

८. पर्व तथा भैपरी आउने विदा :-

क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीले बर्षमा ६ दिन पर्व विदा र ९ दिन भैपरी आउने विदा पाउनेछन् । पर्व तथा भैपरी आउने विदा संचित हुने छैन् ।

**१३. विदा स्वीकृत गर्ने अधिकारी :-**

क्याम्पसमा कार्यरत प्रध्यापक/शिक्षक तथा कर्मचारीको घर विदा, विरामी बिदा, पर्व तथा भैपरी आउने बिदा, प्रसुति बिदा, किरिया बिदा क्याम्पस प्रमुखले र अध्ययन बिदा, काज बिदा, असाधारण बिदा क्याम्पस संचालक समितिले स्वीकृत गर्नेछ । क्याम्पस प्रमुखको हकमा घर बिदा, बिरामी बिदा, पर्व तथा भैपरी आउने बिदा, प्रसुति बिदा, किरिया बिदा कार्यकारी समितिले स्वीकृत गर्नेछ ।

तर, एक पटकमा बढीमा ३ दिनसम्म क्याम्पस प्रमुखले आफ्नो बिदा आफैंले स्वीकृत गरी विदामा बस्न यस नियमले बाधा पार्ने छैन ।

**१४. विदा पूर्व स्वीकृत हुनु पर्ने :-**

विरामी, किराया र प्रसुति विदा बाहेक पूर्व स्वीकृती नलिई सामान्यतः बिदामा बस्नु हुँदैन ।

**१५. विदा अस्वीकृत हुने :-**

विदा माग भई आएको समयमा क्याम्पसको आवश्यकता र तत्कालीन अवस्था हेरी निश्चित समय र अवधिका लाग मनासिव कारण खुलाई बिदा स्वीकृत गर्ने अधिकारीले माँग भएको विदा अस्वीकृत गर्न सक्नेछ

**१६. विदा अधिकारको रुपमा नहुने :-**

यस नियमावलीमा उल्लिखित विदाहरु अधिकारको रुपमा नभई सुविधाको रुपमा दिएको वा लिएको मानिनेछ

# परिच्छेद : ४

## प्राध्यापक शिक्षक एवं कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था

१७. क्याम्पसमा कार्यरत स्थायी प्राध्यापक/शिक्षक एवं कर्मचारीहरुको योग्यता, कार्यक्षमता र सेवा अवधिको आधारमा बढुवाको व्यवस्था गरिनेछ। प्राध्यापक/शिक्षकहरुको बढुवा देहाय बमोजिम हुनेछ :

क. **उप-प्राध्यापकबाट सह-प्राध्यापक पदमा बढुवा :-**
यस क्याम्पसमा उप-प्राध्यापक पदमा स्थायी नियुक्ति पाई कम्तिमा ५ बर्षसम्म सेवा गरेको प्राध्यापक/शिक्षकलाई क्याम्पस सेवा समितिको सिफारिसमा क्याम्पस सञ्चालक समितिले रिक्त दरबन्दीको सह-प्राध्यापक पदमा बढुवा गर्न सक्नेछ। प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेका उप-प्रध्यापकको हकमा सो पदमा नियुक्ति पाएको मितिले ४ बर्ष र पि.एच.डी. उपाधि प्राप्त गरेका उप-प्राध्यपकको हकमा सो पदमा स्थायी सेवा अवधि ३ बर्ष पूरा गरेको व्यक्ति सह-प्राध्यापक पदको बढुवा प्रयोजनका लागि उम्मेदवार हुन सक्नेछ। उप-प्राध्यापक पदबाट सह-प्राध्यापक पदमा बढुवा गर्दा सेवाको जेष्ठता, शैक्षिक योग्यता, बौद्धिका तथा प्रकाशित कृति मूल्यांकन समेतका आधारमा गरिनेछ।

ख. **सह- प्राध्यापकबाट प्राध्यापक पदमा बढुवा :-**
यस क्याम्पसमा स्थायी सह-प्राध्यापक पदमा कम्तिमा ७ बर्ष सम्म सेवा गरेको प्राध्यापक/शिक्षक रिक्त दरबन्दीको प्राध्यापक पदमा बढुवाको लागि उम्मेदवार हुन योग्य मानिनेछ। बौद्धि प्रतिभा, प्रकाशित कृति एवं कार्यक्षमताको मूल्यांकन गरी क्याम्पस सेवा समितिको सिफारिस समेतको आधारमा क्याम्पस सञ्चालक समितिले रिक्त दरबन्दीको प्राध्यापक पदमा बढुवा गर्न सक्नेछ। प्राध्यापक पदमा बढुवा हुनको लागि पि.एच.डी. उपाधि अनिवार्य हुनेछ।

ग. यस नियमावलिको स्थायी नियूक्ति सम्बन्धी नियममा जेसुकै कुरा लेखिएता पनि यो नियमावलि लागु हुँदाका बखत यस क्याम्पसमा अविच्छिन्न रुपपले ५ वर्ष सेवा गरीसकेका र पूर्णकालिनरुपमा नियूक्त हुन योग्य शिक्षकहरुलाई एक पटकका लागि मात्र मान्य हुने गरी संचालक समितिले विशेष प्रकृयाबाट उप- प्राध्यापक पदमा नियूक्ति गर्न सक्नेछ।

१८ **नियुक्ति तथा बढुवा गर्न बाधा नहुने :-** विभिन्न प्रकृतिबाट नियुक्ति पाई शिक्षण कार्यमा कम्तिमा ५ बर्षसम्म सेवा अवधि पूरा गरेका प्राध्यापक/शिक्षकलाई निजको दक्षता र क्याम्पसको आवश्यकता हेरी सहमति संचालक समितिले उप-प्राध्यापक सरहको सम्पूर्ण सुबिधा दिनेगरी करारमा नियुक्ति दिई काममा लगाउन सक्नेछ। यस क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षकहरुको हकमा त्रि.बि.सेवा आयोगले सम्बन्धित बिषयमा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता (श्रेणी) नभए तापनि क्याम्पसमा पढाई हुने कुनै एक बिषयमा त्रि.बि. सेवा आयोगको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता बराबरको प्रमाणपत्र पेश गरेका प्राध्यापक/शिक्षकहरु बढुवा प्रयोजनको लागि उम्मेदवार हुन सक्नेछन्।

१९. **कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था :-** क्याम्पसमा कार्यरत स्थायी कर्मचारीको बढुवा निजको जेष्ठता, शैक्षिक योग्यता एवं कार्य क्षमताको आधारमा गरिनेछ। बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि, शैक्षिक योग्यता लगायत अन्य योग्यताको हकमा त्रि.वि. नियमावलीमा तोकिए बमोजिम हुनेछ।

२०. **स्थायी नियुक्ति दिइने :-** क्याम्पसको रिक्त दरबन्दीमा अस्थायी पदमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीले चार बर्षको अस्थायी सेवा अवधि पूरा गरेपछि निजलाई क्याम्पस सेवा समितिको सिफारिसमा क्याम्पस सञ्चालक समितिले उक्त पदमा स्थायी नियुक्ति दिनेछ।

२१. **स्थायी नियुक्ति दिइने :-**चार पिरियड दरबन्दी वा पूर्णकालीन करार सेवामा तीन बर्षको सेवा अवधि पूरा गरेको प्राध्यापक/शिक्षकलाई कार्यकारी समितिको निर्णयबाट अस्थायी नियुक्ति दिइनेछ।

# परिच्छेद : ५

## प्राध्यापक शिक्षक तथा कर्मचारीहरुको अवकाश सम्बन्धी व्यवस्था

२२. **अवकाश :-** नियमावलीमा अन्यत्र व्यवस्था भए वाहेक क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई देहाय बमोजिम अवकाश दिन सकिनेछ :-

**क.** अनिवार्य अवकाश :- क्याम्पसमा कार्यरत प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई ५८ बर्ष उमेर पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश दिइने छ । तर, प्राध्यापक/शिक्षकलाई बिशेष अवस्थामा सेवा अवधिमा गणना नहुनेगरी निजले खाइपाई आएको सुबिधामा नघट्नेगरी करारमा काममा लगाउन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

**ख.** स्वैच्छिक अवकाश :- क्याम्पसमा २० बर्ष सम्म स्थायी सेवा गरेका प्राध्यापक/शिक्षक तथा कर्मचारीले स्वैच्छिक अवकाशको लाग क्याम्पस संचालक समिति समक्ष माग गर्न सक्नेछन । यसरी स्वैच्छिक अवकास माग भएकोमा क्याम्पस सञ्चालक समितिले क्याम्पसको आर्थिक अवस्था, निजको आवश्यकता आदि पक्षलाई बिचार गरी थप सुबिधा दिने वा नदिनेगरी स्वैच्छिक अवकाश सम्बन्धम निर्णय गर्न सक्नेछ ।

२३. **पूर्व सूचना दिनुपर्ने :-** स्वच्छिक अवकाश लिन चाहने प्राध्यापक/शिक्षक तथा कर्मचारीले अवकास लिनुभन्दा ३ महिना पूर्व स्वैच्छिक अवकाश लिन चाहेको सूचना दिनु पर्नेछ । त्यस्तो सूचना नदिएको खण्डमा क्याम्पस सञ्चालक समितिले निजको तीन महिनाको तलब तथा अन्य सुविधा कट्टा गरी अवकाश दिन सक्नेछ ।

२४. **प्राध्यापक/शिक्षक तथा कर्मचारीको आचार संहिता :-** देहायको आचारसहिंताको पालना गर्नु प्रत्येक प्राध्यापक/शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(**क**) समयपालन र नियमितता :- प्राध्यापक/शिक्षक तथा कर्मचारीले क्याम्पसले तोकेको समयमा क्याम्पसमा उपस्थित हुनु पर्नेछ । प्राध्यापक/शिक्षक तथा कर्मचारी विदामा बस्नुपर्दा विदा पूर्व स्वीकृत गराउनुपर्नेछ ।

(**ख**) गोपनीयता भंग गर्न नहुने :- प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुले क्याम्पस प्रमुखको क्यमापससँग सम्बन्धित कुनै कागज पत्र, वृत्तान्त वा त्यस्तै अन्य कुराहरु प्रत्यक्ष वा अप्रत्यक्षरुपमा कुनैपनि अनधिकृत व्यक्तिहरुलाई दिन वा संचारका माध्यमबाट सूचित गर्नुहुँदैन ।

(**ग**) आफैं निर्णय लिन नहुने :- प्राध्यापक/शिक्षक तथा कर्मचारीले आफ्नो नाता पर्ने प्राध्यापक/शिक्षक तथा कर्मचारीको बारेमा आफैं निर्णय लिनु हुँदैन ।

(**घ**) आफ्नो सेवा र पद अनुसारको आचरण गर्नुपर्ने :- प्राध्यापक/शिक्षक तथा कर्मचारीले क्याम्पसभित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठान कायम रहने गरी आफ्नो आचरण शुद्ध, उच्च, पवित्र एवं मर्यादित राख्नु पर्नेछ ।

(**ङ**) क्याम्पसलाई सहयोग गर्नुपर्ने :- विद्यार्थीलाई शैक्षिक, प्राज्ञिक तथा अनुशासन सम्बन्धि सल्लाह दिनु, क्याम्पसमा आइपरेका समस्याहरुको समाधान सहयोग गर्नु तथा क्याम्पसको र्म्यादा र प्रतिष्ठान वृद्धि गर्न प्रत्यत्नशील रहनु सबै प्राध्यापक/शिक्षक तथा कर्मचारीका कर्तव्य हुनेछ ।

(**च**) हानी - नोक्सानी गर्न नहुने :- क्याम्पसको कुने सम्पतिको हानी-नोक्सानी गर्नु गराउनु हुँदैन ।

(**छ**) भ्रष्टाचार गर्न नहुने :- प्राध्यापक/शिक्षक तथा कर्भचारीले भ्रष्टाचार वा त्यस्तै प्रकृतिका अन्य कार्य गर्नु हुँदैन ।

(**ज**) ऐन नियमको पालना गर्नुपर्ने :- प्राध्यापक/शिक्षक तथा कर्मचारीले प्रचलित ऐन नियम र क्याम्पसको विधान तथा नियमावलीको पूर्ण पालना गर्नुपर्नेछ ।

(झ) उचित आदर र व्यवहार गर्नुपर्ने :- प्राध्यापक/शिक्षक तथा कर्मचारीले आफूमाथिका तथा आफ्ना स्तरका सबै प्रति उचित आदर गर्नुपर्नेछ । आफु भन्दा मुनिका प्राध्यापक/शिक्षक तथा कर्मचारी प्रति पनि उचित व्यवहार गर्नुपर्नेछ ।

(ञ) व्यवसायिक नैतिकता कायम राख्नु पर्ने :- कसैले व्यवसायीक प्रकृतिको कामकाज गर्दा विश्वविद्यालय, प्रचालित नेपाल कानुन तथा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाद्वारा प्रतिपादित व्यवसायिक नैतिकता र आचार संहिताको पालना गर्नुपर्नेछ ।

(ट) अवञ्छनीय प्रभाव पार्न नहुने :- प्राध्यापक/शिक्षक तथा कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कुनै प्राध्यपक/शिक्षक तथा कर्मचारीमाथि प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

(ठ) अपराधलाई प्रश्रय दिन नहुने :- कनै अपराधलाई प्रश्रय हुनेगरी तालाबन्दी गर्नु, शारिरिक वा मानसिक कष्ठ हुने गरी दबाब दिनु वा सो गर्ने उदेश्यले अरुलाई उक्साउनु हुँदैन ।

(ड) तोकिएको काम पूरा गर्नुपर्ने :- प्राध्यापक/शिक्षकहरुले क्याम्पसले तोके बमोजिमका प्राज्ञिक कार्यहरु गर्नुपर्नेछ । कर्मचारीहरुले कार्य विवरण अनुसारको र तोकिएको अन्य कार्यहरु गर्नु पर्नेछ ।

(ढ) निर्वाचनमा उम्मेद्वार हुन नहुने :- कुनै पनि प्राध्यापक/शिक्षक तथा कर्मचारीले संसदीय निर्वाचन ( प्रतिनिधि सभा, राष्ट्रिय सभा, स्थानीय निकायको चुनाव) मा उम्मेदवार हुन हुदैन । उम्मेदवार हुन चाहेमा आफ्नो उम्मेदवारी मनोनयन पत्र दाखिला गर्नुभन्दा कम्तीमा १ महिना अगाडी राजिनामा स्वीकृत गराइसक्नु पर्नेछ ।

(ण) क्याम्पसमा कार्यरत सबै प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुले बिभागीय प्रमुख, कार्यक्रम संयोजक, सहायक क्याम्पस प्रमुख एवं क्याम्पस प्रमुखप्रति उत्तरदायी भई काम गर्नुपर्नेछ ।

२५. **पुरस्कार सम्बन्धी व्यवस्था :-** बार्षिकरुपमा कार्य सम्पाद मूल्याँकनका आधारमा प्राध्यापक शिक्षक (संकायगत) तथा कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिनेछ । मूल्यांकनका आधारहरु कार्यकारी समितिको सिफारिसमा क्याम्पस सञ्चालक समितिले स्वीकृत गर्नेछ । स्वीकृत मापदण्डका आधारमा प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कृत गर्नका लागि कार्यकारी समितिले क्याम्पस सञ्चालक समिति समक्ष सिफारिस गर्नेछ । यसी प्रदान गरिने पुरस्कारको हद एकपटकमा ३ ग्रेड वा रु ५,०००/- सम्मको हुनेछ । पुरस्कृत गर्दा क्याम्पसको बार्षिक उत्सव वा अन्य कुनै बिशेष समारोहको अवसर पारी गरिनेछ ।

२६. **प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई सजाय गर्न सकिने :-** उचित र पर्याप्त कारण भएमा प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ :-

**क) सामान्य सजाय**

१) नसिहत दिने,

२) बढीमा दुई बर्षको तलब वृद्धि (ग्रेड) रोक्का गर्ने,

३) बढीमा दुई बर्षको लागि बढुवा रोक्का गर्ने,

**ख) बिशेष सजाय**

१) भविष्यमा क्याम्पस सेवाको निमित्त आयोग्य नठहरिने गरी सेवाबट बर्खास्त गर्ने

२) भविष्यमा क्याम्पस सेवाको निमित्त आयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने,

२७. **प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई सामान्य सजाय गर्न सकिने अवस्था :-** देहाय बमोजिमको अवस्थामा प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई सामान्य सजाय गर्न सकिनेछ :-

(क) काम सन्तोषजनक नभएमा

(ख) पूर्व स्वीकृति बेगर क्याम्पसमा बारम्बर अनुपस्थित भएमा,

(ग) अनुशासनहीन काम गरेमा,

(घ) बरबुझारथ नगरेमा,

(ङ) क्याम्पसले लाए अह्राएका कामहरु नगरेमा,

२८. **प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई बिषेश सजाय गर्न सकिने अवस्था :-** देहाय बमोजिमको अवस्थामा प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई बिषेश सजाय गर्न सकिनेछ :-

(क) पदीय जिम्मेवारी बारम्बर उल्लघंन गरेमा,

(ख) कार्य क्षमताको अभाव भएमा

(ग) भ्रष्टाचार गरे गराएको प्रमाणित भएमा,

(घ) आचरण सम्बन्धी नियमहरु बारम्बार उल्लघंन गरेमा वा पालना नगरेमा,

(ङ) बिना सूचना लगातार ३० दिनसम्म क्याम्पसमा अनुपस्थित भएमा,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार साबित भै कैदको सजायं पाएमा,

(छ) मानसिक स्थिती ठीक नभई कर्तव्य र जिम्मेवारी पूरा गर्न असमर्थ भएमा ।

२९. **तलबबाट कट्टा गरी असुल गर्न सकिने :-**
लापरवाही गरी वा प्रचलित ऐन, नियम उल्लघंन गरी क्याम्पसलाई हुन पुगेको क्षति सम्बन्धित प्राध्यापक/शिक्षक तथा कर्मचारीको तलब वा घरघराना समेतबाट असुल उपर गर्न सकिनेछ ।

३०. **निलम्बनमा राखी कारवाही गर्न सकिने :-** निलम्बन नगरी कार्य गर्दा दिंदा झुटो सबुत संकलन गर्न सक्ने वा आफु विरुद्धको सवुत प्रमाण गायब गर्न सक्ने वा क्याम्पसलाई हानीनोक्सानी हुने सम्भावना देखिएमा वा कारवाहीमा बाधा पुग्ने देखिएमा प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राखी कारवाही गर्न सकिनेछ । सामान्यतया ती महिना भन्दा बढी अवधि निलम्बन गरिने छैन । निलम्बन अवधिमा आधा तलब दिइनेछ । निलम्बनमा रहेका प्राध्यापक/शिक्षक तथा कर्मचारी उपर लगाइएको कसुर प्रमाणित नभएमा निजको निलम्बन फुकुवा गरिनेछ र बाँकी तलब समेत भुक्तानी गरिनेछ ।

३१. **सजाय सम्बन्धी कार्यविधि :-** सजाय दिने अधिकारीले प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई यस नियमावलीमा उल्लेख भए बमोजिमको सजाय गर्नु परेमा सजायको आदेश दिनुपूर्व सफाईको लागि प्रार्याप्त समय दिनु पर्नेछ । तोकिएको समयभित्र सफाई पेश नभएमा वा सजाय गर्ने अधिकारीलाई पेश भएको सफाई मनासिव नलागेमा सोही व्यहोरा उल्लेख गरी सजायको आदेश दिन सक्नेछ ।

३२. **सजाय गर्ने अधिकारी** :- यस नियमावलीमा उल्लेख भए बमोजिमको सामान्य सजाय कार्यकारी समितिले र बिशेष सजाय कार्यकारी समितिको सिफारिसमा क्याम्पस सञ्चालक समितिले गर्नेछ ।

३३. **पुनरावेदन सम्बन्धी व्यवस्था :-** सजाय गर्ने अधिकारी वा निकायले गरेको सजायमा चित्त नबुझे कार्यकारी समितिले सजाय गरेको भए सजाय पाएको मितिले सात दिनभित्र आफू सजायको भागी नहुनु पर्ने सबूत प्रमाण राखी क्याम्पस सञ्चालक समितिमा र क्याम्पस सञ्चालक समितिले सजाय गरेको भए आफू सजायको भागि नहुनुपर्ने सबूत प्रमाण संलग्न गरी क्याम्पस प्रमुखमार्फत क्याम्पस सभामा पुनरावेदन गर्न सकिनेछ । यसरी भएको पुनरावेदन सम्बन्धी निर्णय अन्तिम हुनेछ ।

३४. **विधार्थीको आचार संहिता र कारबाही सम्बन्धी व्यवस्था** :- देहायको आचारसहिताको पालना गर्नु क्याम्पसमा अध्ययनरत प्रत्येक विद्यार्थीको कर्तव्य हुनेछ :-

**क)** विद्यार्थीहरुले क्याम्पसमा भर्ना भएपछि क्याम्पस भित्र र बाहिर जहाँसुकै पनि अनुशासनको पालना गर्नुपर्नेछ ।

**ख)** क्याम्पसले जारी गरेका सबै नियम तथा निर्देशनहरुको पालना गर्नुपर्नेछ ।

**ग)** क्याम्पस प्रमुखको स्वीकृति बिना क्याम्पस समय भित्र तथा अघिपछि क्याम्पस हाताभित्र कुनै कार्यक्रम, सम्मेलनको आयोजना गर्न पाईनेछैन ।

**घ)** कुनै कार्यक्रम, सभा सम्मेलनको आयोजना गर्दा क्याम्पस बाहिरका व्यक्तित्वहरुलाई समावेस गराउनुपर्ने भए क्याम्पस प्रमुखको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**ङ)** क्याम्पस भित्र शैक्षिक वातावरण धमिल्याउन, कुटपिट, गालीगलौज गर्न र हातहतियार तथा निषेधत मालबस्तु लिई भेला हुन पाइनेछैन ।

**च)** क्याम्पसमा कार्यरत प्राध्यापक/शिक्षक कर्मचारीहरुलाई हातपात गर्न, गालीगलौज गर्न, लेखेर वा बोलेर वा इशारा गरेर अपमान गर्न पाईनेछैन् ।

**छ)** क्याम्पसको चलअचल सम्पत्तीको दुरुपयोग वा हानीनोक्सानी गर्न पाइने छैन् ।

**ज)** विधार्थीहरुले माथि उल्लेखित आचारसंहिता उल्लंघन गरेमा अनुशासन तथा अतिरिक्त क्रियाकलाप प्रमुख वा निजको मातहतमा गठित उप समितिको सिफारिसमा आवश्यक छानविन गरी विधानमा व्यवस्था भए बमोजिमको प्रक्रिया अनुरुप तपसिल बमोजिमका कारबाहस्हरु गर्न सकिनेछ :-

१) नसिहत दिने,

२) हानी नोक्सानी भएको चलअचल सम्पतीको क्षतिपूर्ति भराउने,

३) अपराधको प्रकृति अनुसार दण्ड जरिवाना गर्ने,

४) छोटो अवधिका लागि कक्षाबाट निलम्ब गर्ने,

५) क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निस्काशन गर्नुपर्ने अवस्था भएमा सहायक क्याम्पस प्रमुख (प्रशासन) मार्फत कार्यकारी समितिबाट निर्णय आवश्यक कारबाही गर्ने ।

# परिच्छेद : ७

## व्यक्तिगत अभिलेख सम्बन्धी व्यवस्था

३५. क्याम्पसका प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुको देहायका विवरणहरु समावेश हुनेगरी व्यक्तिगत अभिलेख क्याम्पस प्रशासन कार्यालयमा राखिनेछ :-

**(क)** व्यक्तिगत अभिलेखमा प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुको प्रमाणित जन्म मिति, योगयता, तालिम, विदा लगायत निजले पाएका पुरस्कार, सजाय समेतको अभिलेख राखिनेछ ।

**(ख)** यस अभिलेखमा दर्ता भएको जन्म मिति अनुसारको उमेरलाई नै उमेरको हद मानिनेछ । यस प्रत्येक प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुको सेवा सम्बन्धी विवरण, अनुशासन तथा कर्तव्य पालना सम्बन्धी सम्पूर्ण विवरण समावेश गरिनेछ ।

**(ग)** व्यक्तिगत अभिलेख क्याम्पस प्रमुखको आदेश विना असम्बन्धित व्यक्ति वा निकायलाई उपलब्ध गराईनेछैन ।

# परिच्छेद : ८

## विधार्थी भर्ना तथा छात्रा वृति सम्बन्धी व्यवस्था

३६. **विधार्थी भर्ना** :- त्रि.वि. तथा उच्च माध्यमिक शिक्षा परिषद्को प्रचलित नियमको अधिनमा रही क्याम्पसको स्थिती एवं स्थानिय अवस्थालाई हेरी क्याम्पस सञ्चालक समितिले शैक्षिक सत्रको प्रारम्भमा तोके बमोजिम क्याम्पस प्रमुखले विद्यार्थीहरु भर्ना गर्न सक्नेछ । विद्यार्थीले तिर्नुपर्ने भर्ना लगायता सम्पूर्ण शुल्कहरु क्याम्पस सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

३७. **छात्रावृत्ति :-**

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई क्याम्पस सञ्चालक समितिको निर्णय बमोजिम देहाय बमोजिमको छात्रवृत्ति दिइने छ ।

(क) जेहेन्दार छात्रावृत्ति :- प्रमाणपत्र तह वा सो सरह, स्नातक तह र स्नातकोत्तर तहको प्रथम बर्षको बार्षिक परीक्षामा क्याम्पसमा सबैभन्दा बढी अंक प्राप्त गरी उत्तीर्ण हुने प्रत्येक संकाय र प्रत्येक तहको एक जना छात्रा तथा एक जना छात्रा गरी २ जना जेहेन्दार विद्यार्थीहरुलाई दोश्रो बर्षको मासिक शुल्क बराबरके रकम प्रोत्साहन स्वरुप छात्रावृत्ति दिइने छ । स्नातक तहको हकमा दाश्रो बर्षको बार्षिक परीक्षाको नतिजाको आधारमा उपर्युक्त बमोजिमको छात्रवृत्तिको सुबिधा उपलब्ध गराइनेछ ।

(ख) गरीब, दलित तथा जनजाति छात्रवृत्ति :- क्याम्समाअध्ययनरत विद्यार्थीहरुको कुल संख्यामध्ये बढीमा ५ प्रतिशत विद्यार्थीहरुलाई छात्रावृत्तिको सुविधा दिइनेछ । यसरी छात्रावृत्तिको सुविधा उपलब्ध गराउँदा जनजाती, दलित, आदिवासी, दुर्गम तथा विकट भौगोलिक स्थानका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) विशेष छात्रावृत्ति :- प्रमाण पत्र तह वा सो सरहको प्रथम बर्ष, स्नातक तह प्रथम बर्ष र स्नातकोत्तर तह प्रथम बर्षमा भर्ना हुने विद्यार्थीहरुका लागि उत्कृष्ट अंक हासील गरेका आधारमा दिइने छात्राबृत्तिको हकमा क्याम्पस सञ्चालक समितिले छुट्टै निर्णय गर्नसक्नेछ ।

# परिच्छेद : ९

## विविध

३८. **नियमावलीको व्याख्या :-** यस नियमावलीको व्याख्या सामान्यतया क्याम्पस संचालक समितिले गर्नेछ । तर विशेष कारण र परिस्थितिमा क्याम्पस सभाले गरेको व्याख्या अन्तिम मानिनेछ ।

३९. **विनियम तथा निर्देशिका बनाउन सकिने :-** क्याम्पसको स्वीकृत विधान एवं नियमावलीसंग नबाझिने गरी क्याम्पस सञ्चालक समितिले क्याम्पस सञ्चालनका लागि आवश्यक विनियम तथा निर्देशिका बनाई लागु गर्नसक्नेछ ।

४०. **स्वीकृती लिनुपर्ने :-** क्याम्पसका स्थायी प्राध्यापक/शिक्षक तथा कर्मचारीले अन्य कुनै संस्था वा नियकामा वैतनिक रुपले कामकाज गर्नुपूर्व क्याम्पस सञ्चालक समितिको स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ । साथै स्थायी पदाका प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुले अन्य कुनै सरकारी वा गैरसरकारी संघसंस्था वा निकायमा स्थायी पदको नियुक्ति लिनसक्ने छैनन् ।

४१. **राम राजा क्याम्पस प्रतिभा स्वर्ण पदक सम्बन्धी व्यवस्था :-** यस क्याम्पसबाट त्रि.वि. बोर्डम वा उच्च माध्यमिक शिक्षा परिषद् बोर्डमा सर्वप्रथम हुने विद्यार्थीलाई कदर पत्र सहित १ (एक) तोला सुनको राम राजा क्याम्पस प्रतिभा स्वर्ण पदक प्रदान गरिनेछ । साथै दोश्रो र तेश्रो स्थान हासील गर्ने विद्यार्थीलाई कदरपत्र सहित आधा तोला सुनको राम राजा क्याम्पस प्रतिभा स्वर्ण पदक प्रदान गरिनेछ ।

४२. **काजमा खटाउन सकिने :-** क्याम्पस सञ्चालक समितिका पदाधिकारी वा प्राध्यापक/शिक्षक तथा कर्मचारीहरुलाई क्याम्पसको कामको सिलसिलामा एक पटकमा बढीमा ५ दिन काजमा खटाउन सकिनेछ । क्याम्पस प्रमुख बाहेक क्याम्पसका अन्य प्राध्यापक/शिक्षक तथा कर्मचारीलाई क्याम्पस प्रमुखले, सञ्चालन समितिका पदाधिकारीलाई अधयक्षले र क्याम्पस प्रमुखको हकमा कार्यकारी समितिले काजमा खटाउन सक्नेछ तर ७ दिनसम्मको आफ्नो काज क्याम्पस प्रमुख आफैले स्वीकृत गर्नसक्नेछ । यसरी काजमा खटिएका प्राध्यापक/शिक्षक तथा कर्मचरी काजबाट फर्की आएपछि सम्पादित कामको प्रतिवेदन पेश नगरी दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिइनेछैन । तर कुनै पनि प्राध्यापक/शिक्षक तथा कर्मचारी अन्य कुनै शिक्षण संस्था वा निकायमा क्याम्पस सञ्चालक समितिको निर्णय बमोजिम क्याम्पसालाई बाधा नपर्नेगरी सम्बसन्धित संस्था वा नियकायबाटै तलब भत्ता खानेगरी काजमा खटाउन यस नियमले बाधा पर्ने छैन ।

४३. **पोशाक दिने सकिने :-** क्याम्पसमा कार्यरत स्थायी पियन तथा सो स्तरका कर्मचारीलाई बर्षको एक पटक क्याम्पस सञ्चालक समितिले तोकेको पोशाक दिन सकिनेछ ।

४४. **क्याम्पस समय :-** शिक्षणतर्फका प्राध्यापक/शिक्षकहरुको हकमा पठनपाठन हुने समयलाई क्याम्पस समय मानिनेछ । पूर्णकालीन प्राध्यापक/शिक्षकहरु पठनपाठन हुने समयसम्म क्याम्पसमा रहनुपर्नेछ । कर्मचारीहरको हकमा क्याम्पस समय दहाय बमोजिम हुने छ :-

प्रातकालीन समय बिहान ६:०० बजेदेखि १२:०० बजेसम्म
दिवाकालीन समय बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म
सायंकालीन समय अपरान्ह ३:०० बजेदेखि साँझ ८:३० बजेसम्म

कर्मचारीहरुको हकमा तोकिएको क्याम्पस समयबाहेक थप काम लगाउनुपर्ने भएमा क्याम्पसको आर्थिक अवस्था समेलाई बिचार गरी अतिरिक्त समय काम गरे बापतको पारिश्रमिक दिन सकिनेछ । पारिश्रमिक भुक्तानी गर्दा अतिरिक्त समय खट्ने कर्मचारीले खाईपाई आएको आखिरी तलबलाई आधार मानी क्याम्पस सञ्चालनक समितिले निर्णय गरिबमोजिम हुनेछ । १(एक) महिनासम्मको अवधिका लाग क्याम्पस प्रमुखले र सो भन्दा बढी अवधिका लागि कार्यकारी समितिको सिफारिसमा क्याम्पस सञ्चालक समितितले अतिरिक्त समय काममा खटाउन सक्नेछ ।

४५. **कक्षा भार :-** क्याम्पसमा कार्यरत स्थायी, अस्थायी तथा पूर्णकालीन करार पदका प्राध्यापक/शिक्षकहरुले दैनिक चार पिरियड अध्यापन गर्नुपर्नेछ । क्याम्पसको आवश्यकता अनुसार थप कक्षा अध्यापन गर्ने जिम्मेवारी दिन सकिनेछ । यसरी थप कक्षा लिने जिम्मेवारी दिइएकोमा त्रि.वि. नियमलाई आधार मानी क्याम्पस संचालक समितिले बोके अनुसार पिरियडको आधारमा थप पारिश्रमिक दिइनेछ ।

तर, कुनै एक सिफ्टको पूर्णकालीन प्राध्यापक/शिक्षकलाई कुनै अर्को सिफ्टमा काममा लगाउनुपर्दा कार्यकारी समितिको निर्णय अनुसार आंशिक दरबन्दीमा नियुक्त गर्न यस नियमले बाधा पार्ने छैन ।

४६. **पुस्तकालय सम्बन्धी व्यवस्था :-** क्याम्पसलाई आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका तथा अन्य पाठ्य सामग्री खरीद गर्न, प्राप्त गर्न, सुरक्षा गर्न, पुस्तकालय सञ्चालन तथा रेखदेख गर्न काममा आउन नसक्ने पुराना पुस्तक तथा पत्रपत्रिका व्यवस्थापन गर्नका निमित्त सहायक क्याम्पस प्रमुख (शैक्षिक)को संयोजकत्वमा विभागीय प्रमुखहरु र कार्यक्रम संयोजकहरु सदस्य तथा पुस्तकालय शाखा प्रमुख सदस्य सचिव रहनेगरी स्थायी समितिको रुपमा एक पूस्तकालय व्यवस्थापन समिति रहेनछ । पुस्तकालय व्यवस्थापन समितिको सिफारिस बमोजिम क्याम्पसलाई आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका तथा अनय पाठ्य सामग्री खरीद तथा व्यवस्थापन गर्ने कार्य कार्यकारी समितिको निर्णय अनुसार गरिनेछ ।

४७. **नियमावली सँशोसन :-** यस नियमावलीमा उल्लिखित परिच्छेद, नियम, खण्ड, तथा उप-खण्डको कुनै व्यवस्थामा संशोधन (फेरबदल वा थपघट) गर्नुपर्ने भएमा क्याम्सको स्वीकृत विधानसँग नबाझिने गरी क्याम्पस सञ्चालक समितिको सिफारिसमा क्याम्पस सभाबाट निर्णय गरी संशोसन (फेरबदल वा थपघट) गर्न सकिनेछ तर तत्काल क्याम्पस सभाको बैठक बस्न नसक्ने भएमा आगामी क्याम्पस सभाबाट अनुमोदन गराउने गरी क्याम्पस सञ्चालक समितिको दुई तिहाई बहुमबाट संशोधन गरी कार्यान्वयनमा ल्याउन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

४८. **खारेजी तथा बचाउ :-**

यस नियमावीमा लेखिएका बोहक अरु बिषयमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । यो नियमावली लागु हुनुअघि भए गरेका काम कारवाहीहरु यसै नियमावली अनुरुप भए गरेको मानिनेछ ।